# मादी गाउँपालिका

# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ४ संख्या ६ पौष १३ गते, २०७७ साल

## भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# संवत् २०७७ सालको कार्यविधि नं. ६

## कृषि बाली तथा पशुपालन पकेट कार्यक्रम संचालन कार्यविधि, २०७७

### प्रस्तावना :

मादी गाउँपालिका विविधितापूर्ण कृषि तथा पशुजन्य उत्पादनको सम्भावना बोकेको गाउँपालिका हो | निर्वाहमूखी कृषि प्रणाली अपनाउदै आएको यस गाउँपालिकामा भौगोलिक एवम् जलवायु विविधताका कारण थुप्रै कृषि एवम पशुजन्य उपजहरुको व्यवसायिक उत्पादनको पनि उत्तिकै प्रवल सम्भावना रहेको छ | यसै सम्भावनालाई

मध्यनजर गर्दै गाउँपालिकाभित्र व्यवसायिक कृषि तथा पशुपालन क्षेत्रको सशक्तिकरणका लागि साना व्यवसायिक कृषि तथा पशु उत्पादन केन्द्रको स्थापना र संचालनको लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यन्वयन म्यानुअल-२०७७ बमोजिम कार्यपालिकाबाट "कृषि बाली तथा पशुपालन पकेट कार्यक्रम संचालन कार्यविधि, २०७७" स्वीकृत गरी जारी गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भः**

१ यस कार्यविधिको नाम "**कृषि बाली तथा पशुपालन पकेट कार्यक्रम संचालन कार्यविधि, २०७७**" रहेको छ

२ यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ

**२. परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

क) "अनुदान" भन्नाले यस कार्यविधि अनुरुप पकेट कार्यक्रम संचालन गर्नका लागि उपलब्ध गराईने वस्तुगत वा नगद सहयोग सम्झनु पर्दछ ।

ख) "कृषक समूह" भन्नाले नियमानुसार दर्ता भएका किसानहरुको समूहलाई सम्झनु पर्दछ ।

ङ) "सहकारी" भन्नाले कृषि कार्य गर्ने उद्देश्य सहित प्रचलित कानुन बमोजिम दर्ता भएका सहकारीलाई सम्झनु पर्दछ ।

च) "कृषि फर्म" भन्नाले व्यवसायिक रुपमा कृषि उपजको उत्पादन गर्ने निजी वा सामुहिक इकाईलाई सम्झनु पर्दछ ।

माछापुच्छ्रे गाउँपालिका, कास्की

छ) “कार्यविधि” भन्नाले मादी गाउँपालिका अन्तर्गत संचालित कृषि बाली तथा पशुपालन पकेट कार्यक्रम संचालन कार्यविधि, २०७७ लाई सम्झनु पर्दछ ।

छ) “गाउँपालिका” भन्नाले मादी गाउँपालिकालाई सम्झनु पर्दछ ।

ज) “पकेट” भन्नाले बाली वस्तु विशेषका लागि तोकिएको क्षेत्रफल वा संख्याको न्युनतम आधार पूरा गरेका र उत्पादनको प्राथमिक इकाइको रुपमा रहेका व्यवसायिक कृषिको निश्चित क्षेत्रलाई साना व्यवसायिक कृषि उत्पादन केन्द्र सम्झनु पर्दछ ।

झ) “सम्झौता” भन्नाले गाउँपालिका र आवेदकबिच कार्यविधि अनुरुप पकेट कार्यक्रम संचालनमा हुने लिखित समझदारीलाई सम्झनु पर्दछ ।

**३. उद्देश्यः** कार्यविधि बमोजिम संचालन हुने कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम हुनेछन् :

क) कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुर्याउने गरि पकेटमा समाबेश गरिएका बाली वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु

ख) पकेट क्षेत्रमा कृषि/पशुपंक्षी/मत्स्य उत्पादन सामग्री आपूर्ति तथा प्राविधिक सेवा प्रवाह गर्नु ।

## परिच्छेद २

## कार्यक्रम संचालन प्रक्रिया

**४. पकेट निर्माणः** पकेट कार्यक्रम संचालन गर्न चाहने कृषक/उद्घमी/समूह/सहकारी/समितिले भौगोलिक तथा प्राविधिक सम्भाव्यताको

आधारमा गाउँपालिकामा निवेदन दिन सक्नेछन् र प्राप्त निवेदनहरुमा प्राविधिक समितिले अध्ययन गरी पेश गरेको प्रतिवेदनको आधारमा पकेट क्षेत्र निर्धारण हुनेछ |

**५. पकेट कार्यक्रम संचालन हुने स्थानः** यस कार्यविधि अनुरुप संचालन हुने पकेट कार्यक्रम मादी गाउँपालिका क्षेत्रभित्र संचालन हुनेछन |

**६. कार्यक्रममा सहभागी हुन सक्ने आवेदक र अनुदान प्राप्त गर्न आवश्यक न्युनतम योग्यताः**

१ कार्यविधि बमोजिम संचालन हुने पकेट कार्यक्रममा देहाय बमोजिमका आवेदक सहभागी हुन सक्नेछनः

क. नियमानुसार दर्ता भएका कृषक समूहहरु

ख. गाउँपालिकामा कृषि कार्य गर्ने उद्देश्य सहित प्रचलित कानुन बमोजिम दर्ता भएका सहकारी

ग. नियमानुसार दर्ता भएका कृषि फर्म/कम्पनीहरु

**७.** कार्यविधि बमोजिम संचालन हुने पकेट कार्यक्रममा सहभागी हुन तालिका-१ मा उल्लेख भए बमोजिम न्युनतम क्षेत्रफल वा संख्याको आधार पुरा गर्नु पर्नेछ |

तालिका १. पकेट कार्यक्रम संचालनका आधारहरु

| बाली/वस्तु | इकाई | क्षेत्रफल/संख्या | कैफि |
|---|---|---|---|
| खाद्य बाली | हेक्टर | १५ | |
| आलु र तरकारी बाली | हेक्टर | ७ | |
| दलहन, तेलहन, मसला बाली, फलफुल आदि | हेक्टर | ७ | |
| मौरी | घार संख्या | ३०० | |

मादी गाउँपालिका, कास्की

| | | | |
|---|---|---|---|
| कन्ये तथा गोब्रे च्याउ | के.जी | १००० | च्याउ |
| सिताके च्याउ | मूढा संख्या | ५००० | |
| प्लास्टिक घरमा खेती | वर्ग मिटर | १०००० | |
| माछा (जलाशय क्षेत्र) | हेक्टर | ४ | |
| ट्राउट माछा (रेसवे) | वर्ग मिटर | १५०० | |
| गाई | उन्नत संख्या | १०० | दैनि १० लिट संक कृष उद् समू सहक |
| | स्थानीय/बर्णशंकर संख्या | ३०० | |
| भैंसी | उन्नत संख्या | ८० | |
| | स्थानीय/बर्णशंकर संख्या | १५० | |
| बाख्रा | संख्या | १००० | |
| बंगुर | संख्या | ८० | माउ |

*१ हेक्टर= २० रोपनी

**८. पकेटको संख्या र कार्यक्रम संचालन अबधिः** गाउँपालिकाभित्र कम्तिमा २ वटा पकेट छनौट गरि परियोजनाको आर्थिक सहयोगमा कार्यक्रम संचालन गर्न सकिनेछ | यी पकेटहरुमा सघनरुपमा सामुहिक खेती/सहकारी खेती, करार खेती र चक्लाबन्दी खेती प्रबर्द्धन हुने गरी बढीमा २ आर्थिक बर्षसम्म पकेट कार्यक्रम संचालन हुनेछन | स्थानीय सम्भाब्यताका बालीहरुमा दोहोरो नपर्ने गरी पालिकाको आफ्नै स्रोत साधनबाट यस्तै किसिमको पकेट कार्यक्रम संचालन गर्न सकिनेछ वा

माडी गाउँपालिका, कास्की

२ बर्षपछि त्यस्ता पकेटहरुको कार्य प्रभावकारिताको आधारमा निरन्तरता समेत दिन सकिनेछ | पकेट छनौट र कार्यक्रम संचालन गर्दा जिल्लामा रहेको जोन तथा सुपरजोन विकास कार्यक्रमलाई सहयोग पुग्ने गरि गर्नुपर्नेछ |

**९. पकेट क्षेत्र निर्धारण र कार्यक्रम स्वीकृत गर्ने व्यवस्था**

क) राष्ट्रिय आवश्यकता एवम् गाउँपालिकाको सम्भाव्यताको आधारमा बाली/वस्तु बिशेषको पकेट क्षेत्र संचालन गर्न इच्छुक लक्षित समुदाय/वर्गले गाउँपालिकामा अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन र अनुसूची-२ बमोजिमको ढाँचामा तथ्यांक विवरण पेश गर्नुपर्नेछ |

ख) बाली/वस्तु बिशेषको पकेट क्षेत्रको चार किल्ला निर्धारण गर्न देहाय बमोजिमको प्राविधिक समिति रहनेछ जसमा कृषि सम्बन्धि कार्यक्रमको लागि कृषि शाखाको प्रमुख सदस्य सचिब र पशु सेवा शाखाको प्रमुख सदस्य रहनेछन | साथै, पशुपन्छी तथा मत्स्य सम्बन्धी कार्यक्रमको हकमा पशु सेवा शाखाको प्रमुख सदस्य सचिव र कृषि शाखाको प्रमुख सदस्य रहेनछन् |

प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी - संयोजक

गाउँपालिकाको कृषि/पशु शाखाको प्रमुख - सदस्य

गाउँपालिकाको कृषि/पशु शाखाको प्रमुख - सदस्य सचिव

ग) प्राविधिक समितिले परियोजना कार्यान्वयन इकाई र जिल्लास्थित कृषि/पशु सेवा हेर्ने कार्यालयका प्रमुख वा प्रतिनिधिलाई समितिमा आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ |

घ) प्राविधिक समितिले देहायको आधारहरुमा अध्ययन गरी पकेट क्षेत्र निर्धारण सम्बन्धी प्रतिवेदन तयार गर्नेछ :

मादी गाउँपालिका,कास्की

अ) अनुसूची-३ बमोजिमका राष्ट्रिय महत्वका बाली/वस्तु

आ) जिल्लामा संचालित जोन वा सुपरजोन अन्तर्गत बालीमा कम्तिमा ५० प्रतिशत पकेट छनौट हुनुपर्ने

इ) गाउँपालिकामा रोजगारी सृजना र उत्पादन वृद्धि गर्न सक्ने बाली/वस्तु

ई) आयात प्रतिस्थापन/आत्मनिर्भरतामा सहयोग पुर्याउने बाली/वस्तु

उ) सिंचाई, सडक र सेवा प्रदायक संस्था लगायतका आवश्यक पुर्बाधार भएको

ऊ) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको/हुनसक्ने वा एउटा गाउँ/वस्ती/क्लस्टर वा मापदण्ड नपुगेको खण्डमा २ वा सो भन्दा बढी वडा

ए) गाउँपालिकाबाट छनौट भएको पकेट क्षेत्र, बाली/वस्तु , क्षेत्रफल लगायतका विवरण परियोजना कार्यान्वयन इकाईमार्फत परियोजना व्यवस्थापन इकाइमा पेश गर्नुपर्नेछ ।

**१०. कार्यक्रमको लक्षित समुदाय/वर्ग छनौट**

क) गाउँपालिकाले सार्वजनिक सूचना प्रकाशन गरी तोकिएको पकेट क्षेत्रका देहाय मध्यबाट इच्छुक लक्षित समुदाय/वर्गलाई पकेट कार्यक्रममा सहभागी हुन अनुसूची-४ बमोजिमको ढांचामा आवेदन आव्हान गर्नेछः

अ. नियमानुसार दर्ता भएका कृषक समूहहरु

आ. नियमानुसार कृषि कार्य गर्ने उद्देश्य सहित दर्ता भएका सहकारीहरु

इ. नियमानुसार दर्ता भएका कृषि फर्म/कम्पनीहरु

ख) पकेट कार्यक्रममा सहभागी हुन इच्छुक लक्षित समुदाय/वर्गले गाउँपालिकाले तोकेको बाली/वस्तुमा आधारित रहि अनुसूची-५ बमोजिम तोकिएको ढाँचामा आवेदन पेश गर्नु पर्नेछ ।

माछापुच्छ्रे गाउँपालिका,कास्की

ग) पकेट कार्यक्रममा सहभागिताका लागि प्राप्त आवेदनहरुको अनुसूची -६ बमोजिमको मूल्यांकनको आधारहरुमा प्राविधिक समितिले मूल्यांकन गर्नेछ | मूल्यांकनको आधारहरुलाई समितिले आवश्यकता अनुसार विस्तृतीकरण समेत गर्न सक्नेछ |

घ) प्राविधिक समितिले आवश्यकता अनुसार स्थलगत प्रमाणीकरण गर्न सक्नेछ |

ङ) प्राविधिक समितिले प्राप्त आवेदनहरुको मूल्यांकन गरि प्राथमिकताक्रम तोकी निर्णयका लागि गाउँपालिका समक्ष पेश गर्नेछ |

च) गाउँपालिकाले उपलब्ध बार्षिक बजेटको आधारमा लक्षित वर्गको आवेदन स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ |

**११. उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम संचालन प्रक्रिया**

क) पकेट निर्धारणको लागि तालिका-१ मा उल्लेख भए बमोजिमको आधार पूरा गरेका पकेटमा उत्पादन र उत्पादकत्व वृद्धिका कार्यक्रमहरु प्राथमिकताका साथ संचालन गर्नुपर्नेछ तर तोकिए बमोजिमको न्युनतम क्षेत्रफल वा संख्या नपुगेको पकेटको हकमा क्षेत्रफल विस्तार/संख्या वृद्धिका कार्यक्रम अनिबार्य रुपमा संचालन गर्नुपर्नेछ |

ख) पकेट संचालनको पहिलो बर्षमा पशुपन्छी तथा मत्स्यको हकमा पशु संख्या वृद्धि/नश्ल सुधार/ जलाशय क्षेत्र विस्तार र कृषि तर्फका बाली/वस्तुको हकमा विउ/विरुवा/संख्या/क्षेत्रफल विस्तार कार्यक्रम संचालन गर्न कम्तिमा ६० प्रतिशत रकम परिचालन गर्नुपर्नेछ |

ग) गाउँपालिका तहबाट स्वीकृत लाभान्वित बर्गको सहभागीतामा प्राविधिक समितिले तालिका-२ मा उल्लेख भएका क्रियाकलापको सूची मध्येबाट लाभान्वित वर्गको

मादी गाउँपालिका, कास्की

आवश्यकता र प्राविधिक दृष्टिकोणले उपयुक्त क्रियाकलापहरु छनौट गरी स्थानीय दर रेटको आधारमा लागत अनुमान तथा कार्ययोजना तयार गर्नु पर्नेछ ।

तालिका २. पकेट विकास कार्यक्रममा संचालन हुने क्रियाकलापको सूची र संचालन विधि

| क्र. सं | क्रियाकलाप/ कार्यक्रम | उद्देश्य | कार्यक्रम संचालन प्रक्रियाका मुख्य चरणहरु |
|---|---|---|---|
| **क)** | **क्षमता विकास कार्यक्रम** | | |
| १. | स्थलगत तालिम | -उन्नत कृषि प्रविधि सम्बन्धी जानकारी | -सहभागी छनौट<br>-प्रशिक्षक तथा प्रशिक्षण सामग्री व्यवस्थापन<br>-तालिम संचालन |
| **ख)** | **प्रसार तथा बाह्य सेवा** | | |
| १. | सहभागितात्मक नविनतम उत्पादन प्रविधि प्रदर्शन (५ रोपनी) | -नविनतम उत्पादन प्रविधि प्रचार प्रसार गर्ने | -प्रविधि पहिचान तथा छनौट<br>-कृषक तथा जग्गा छनौट<br>-विउ विजन तथा सामग्री व्यवस्थापन<br>-प्रविधि प्रदर्शन<br>-नियमित अनुगमन तथा प्रतिवेदन |

मादी गाउँपालिका, कास्की

| | | | |
|---|---|---|---|
| २. | बीउ/बेर्ना/मौरी/माछा/भुरा/ पशु नश्ल एवम् जैविक बिषादी खरिदमा अनुदान | -प्रविधि विस्तार गर्ने | -कृषक छनौट<br>-स्रोत केन्द्रको पहिचान<br>-खरिद व्यवस्थापन<br>-वितरण<br>-नियमित अनुगमन तथा प्रतिवेदन |
| **ग)** | **पशु उत्पादन सहयोग** | | |
| १. | गोठ/खोर निर्माण सुधार | -असल पशुपालन अभ्यास प्रबर्द्धन गर्ने | -कृषक छनौट<br>-आधुनिक प्रविधि अबलम्बन गरी नयाँ गोठ निर्माण तथा सुधार |
| २. | पशु पहिचान/पशु बीमा | -असल पशुपालन अभ्यास प्रबर्द्धन गर्ने | -Tagging/Micro chipping<br>-पशु बीमा कार्यक्रम संचालन |
| ३. | पशु नश्ल सुधार | -नश्ल सुधार गर्ने | -कृषक छनौट<br>-स्रोत केन्द्रको पहिचान<br>-उन्नत जातको पशु नश्ल (राँगा/साँढे/बोका/बीर/पाठा पाठी/पाडी र बाच्छी) खरिद तथा वितरण<br>-गर्भ परिक्षण |

मादी गाउँपालिका, कास्की

| | | | |
|---|---|---|---|
| | | | -नियमित अनुगमन तथा प्रतिवेदन |
| ४. | पशु आहारा व्यवस्थापन | - गुणस्तरीय पशु आहाराको सहज आपूर्तिमा सहयोग | -कृषक छनौट<br>-स्रोत केन्द्रको पहिचान<br>-उन्नत जातको भुँइ तथा डाले घाँसको विउ/बेर्ना/सेटहरू<br>-साईलेज/TMR/UMMB लगायत पशु आहारा प्रविधि/कबुलियति/सामुदायिक घाँस खेति<br>-TMR- Total Mixed Ration<br>UMMB- Urea Molasses Mineral Block |
| ५. | पशु स्वास्थ्य (खोप/परजीवी नियन्त्रण/उपचार/हर्ड हेल्थ | -पशुमा लाग्ने रोगहरुको जोखिम न्यूनीकरण गर्ने | -स्थान छनौट<br>-प्राविधिक कर्मचारीको व्यवस्थापन<br>-पशु स्वास्थ्य शिविर संचालन<br>-खोप तथा औषधि खरिद, खोप कार्यक्रम संचालन तथा परजीबी नियन्त्रणका लागि औषधी वितरण<br>-फार्म बायो सेक्युरिटी व्यवस्थापन |

| | | | |
|---|---|---|---|
| | | | -बिरामी पशुको उपचार नियमित अनुगमन तथा प्रतिवेदन |
| **घ)** | **मत्स्य उत्पादन सहयोग** | | |
| १. | मत्स्य पोखरी निर्माण | मत्स्य पालनको क्षेत्र विस्तार गर्ने | -स्थान तथा कृषक छनौट<br>-डीजाईन तथा लागत अनुमान तयारी<br>-पोखरी निर्माण<br>-नियमित अनुगमन तथा प्रतिवेदन |
| २. | एकिकृत मत्स्यपालन र प्रविधि प्रदर्शन (१० रोपनी) | नविनतम उत्पादन प्रविधि प्रदर्शन गर्ने | -प्रविधि पहिचान तथा छनौट<br>-कृषक तथा पोखरी छनौट<br>-मत्स्य उत्पादनको लागि आबश्यक भुरा, प्रदर्शन सामग्री व्यवस्थापन<br>-माछा पोखरीको पानीको गुणस्तर परिक्षण<br>-एरेटर लगाएतका आवश्यक सामग्री व्यवस्थापन<br>-उत्पादित माछाको भण्डारण तथा |

माडी गाउँपालिका, कास्की

| | | | |
|---|---|---|---|
| | | | बजारीकरणको लागि कोल्ड चेन व्यवस्थापन<br>-प्रदर्शनको नतिजा सम्बन्धी सामुहिक छलफल |
| **ङ)** | **अन्य कार्यक्रमहरु** | | |
| १. | साना कृषि तथा पशुपालनमा प्रयोग हुने औजार उपकरण | -कृषकको कार्यबोझ हटाउने<br>-लागत न्यूनीकरण | -कृषक तथा औजार उपकरणको आबश्यकता पहिचान<br>-खरिद व्यवस्थापन<br>-वितरण |
| २ | साना सिंचाई पूर्वाधार निर्माण तथा मर्मत सम्भार (कुलो मर्मत/थोपा सिंचाई/सौर्य उर्जामा आधारित सिंचाई/प्लास्टिक पोखरी/ट्युबवेल जडान) | -सिंचित क्षेत्र विस्तार गर्ने | -स्थान छनौट<br>-योजना पहिचान<br>-सम्झौता<br>-निर्माण<br>-नियमित अनुगमन तथा प्रतिवेदन |
| ३ | माटो व्यवस्थापन | -माटोको गुणस्तर सुधार | -माटो नमुना संकलन<br>-माटो परिक्षण<br>-माटो उपचार |
| ४. | बाली संरक्षण सेवा | -रोग किराको पहिचान तथा | -नमुना संकलन<br>-बाली उपचार शिबिर संचालन |

| | | | |
|---|---|---|---|
| | | व्यवस्थापन | -परिक्षण एवम आबश्यक सल्लाह सुझाब |
| ५. | बीउ परीक्षण तथा उपचार सेवा | -बीउको गुणस्तर वृद्धि | -नमुना संकलन<br>-बिषादी खरीद<br>-बीउ उपचार |
| ६. | जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने कार्यक्रमहरु | -बाँझो जमिनलाई खेतीयोग्य जमिनमा रुपान्तरण गर्ने | -बाँझो जमिनहरुको पहिचान तथा अभिलेखीकरण<br>-खेती गर्ने कृषक, समूह, सहकारी, पहिचान र छनौट मल, बीउ, सिंचाई र औजार उपकरण सहयोग<br>-नियमित अनुगमन तथा प्रतिवेदन |

घ) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले नियमानुसार प्राविधिक स्पेशिफिकेसन, लागत अनुमान र कार्य योजना स्वीकृत गर्नेछ ।

परिच्छेद ३

सम्झौता र भुक्तानी

**१२. सम्झौता र अनुदान रकम भुक्तानी**

क) स्वीकृत भएका लाभग्राहीसंग गाउँपालिकाले सम्झौताका द्विपक्षीय शर्तहरु बारे छलफल गरी संक्षिप्त कार्ययोजना सहित अनुसूची-७ बमोजिमको ढाँचामा सम्झौता गरी कार्यदेश दिनुपर्नेछ ।

माडी गाउँपालिका, कास्की

ख) सम्झौता बमोजिमको कार्य सम्पन्न भए पश्चात सम्बन्धित लाभग्राहीलाई प्रचलित कानुन अनुसार अनुदान रकम भुक्तानी गर्नुपर्नेछ ।

**१३. जनशक्ति व्यवस्थापनः** साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको इकाई गाउँपालिकाको कृषि/पशु सेवा शाखामा रहेनछ । पकेट संचालनको लागि आबश्यक जनशक्तिको व्यवस्थापन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

**१४. पकेट संचालन समन्वय समिति**

क) गाउँपालिकाले पकेट कार्यक्रम संचालनमा सहजीकरण गर्न लाभग्राहीको प्रतिनिधित्व रहने गरी एक पकेट संचालन समन्वय समिति गठन गर्नेछ ।

ख) तोकिएको क्षेत्रफल वा पशु संख्या भएको पकेट एक मात्र कृषक वा संस्थाले संचालन गर्ने भएमा सोही संस्थाको प्रोप्राइटर वा संचालकले नै पकेट संचालन समन्वय समितिको भूमिका निर्बाह गर्नेछ ।

ग) एक भन्दा बढी कृषक वा संस्थाले तोकिए बमोजिमको पकेट संचालन गर्ने भएमा पकेट कार्यक्रममा संलग्न सबै कृषक वा संस्थाको प्रतिनिधित्व हुने गरी ५ सदस्यीय पकेट संचालन समन्वय समिति गठन गरिनेछ । यसरी गठन हुने समितिमा कम्तीमा २ महिला सदस्य हुनु पर्नेछ । समिति सदस्य मध्यबाट एक जना संयोजक हुनेछ र समिति एवम् सदस्यको पदावधि २ आर्थिक बर्षको हुनेछ । विगत देखि संचालनमा रहेका पकेट संचालक समिति बाँकी अवधिका लागि पकेट संचालन समन्वय समितिमा रुपान्तरण हुनेछ ।

घ) पकेट संचालन समन्वय समितिको भूमिका देहाय बमोजिम हुनेछः

मादी गाउँपालिका,कास्की

अ) पकेट क्षेत्रमा भएका विद्यमान प्रविधि र पुर्वाधारहरुको अभिलेख तयार गर्न सहजीकरण गर्ने ।

आ) पकेट क्षेत्र अन्तर्गतका कृषक समूह, सहकारी, कानुन बमोजिम दर्ता भएका कृषि उधमी , कृषिसंग सम्बन्धित कम्पनी वा फर्महरको विवरण अद्ध्याबधिक गर्न सहजीकरण गर्ने ।

इ) सहभागितात्मक रुपमा प्राविधिकको सहयोगमा २ आर्थिक बर्षको पकेट संचालन कार्ययोजना तयार गर्न सहजीकरण गर्ने ।

ई) पकेट अन्तर्गत संचालन हुने प्रविधिहरुको प्रसारमा स्थानीय तहको कृषि/पशु सेवा शाखालाई सहजीकरण गर्ने ।

उ) पकेट क्षेत्र अन्तर्गत सामुहिक खेती, सहकारी खेती, चक्लाबन्दी खेती र पशुपालन प्रबर्द्दनमा सहजीकरण गर्ने ।

ऋ) परियोजनाका सरोकारवालाहरुसंग समन्वय र सहकार्य गर्ने ।

ए) पकेट विकासको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमामा गाउँपालिकासंग समन्वय गर्ने ।

ऐ) पकेट विकास कार्यक्रमको नियमित अनुगमन एवम् पृष्ठपोषणमा गाउँपालिकाको कृषि/पशु सेवा शाखालाई सहजीकरण गर्ने ।

ओ) संचालित पकेटको प्रोफाइल तयार गर्न सहजीकरण गर्ने ।

१५. अनुगमन तथा मूल्यांकन र प्रगति प्रतिवेदन

क) अनुगमन तथा मूल्यांकनः परियोजना कार्यान्वयन इकाई, प्रदेश सरकार अन्तर्गतको निकाय र गाउँपालिकाले पकेट विकास कार्यक्रम अन्तर्गत संचालित क्रियाकलापहरुको एकल वा पकेट क्षेत्रका लाभग्राही एबम सरोकारवालाहरुको

मादी गाउँपालिका, कास्की

सहभागितामा संयुक्त अनुगमन तथा मूल्यांकन गर्नेछ | गाउँपालिका र पकेट संचालन समन्वय समितिले पकेट कार्यक्रमको सार्बजनिक सुनुवाईका लागि सहजीकरण गर्नु पर्नेछ |

ख) प्रगति प्रतिवेदन

अ) गाउँपालिकाको कृषि/पशु सेवा शाखाले खर्च र उपलब्धि सम्बन्धी चौमासिक र बार्षिक प्रगति प्रतिवेदन तयार पारी एक प्रति जिल्ला स्थित परियोजना कार्यान्वयन इकाई र प्रदेश सरकार अन्तर्गतको कृषि/पशु सेवा हेर्ने निकायमा पठाउनु पर्नेछ |

आ) अनुसूची-८ र राष्ट्रिय योजना आयोगले तोकेको ढाँचामा प्रगति प्रतिवेदन तयार गरी जिल्लास्थित परियोजना कार्यान्वयन इकाईमा पठाउनु पर्नेछ |

इ) कार्यक्रम संचालन गर्ने गाउँपालिकाले अनुसूची-२ बमोजिमको ढाँचामा पकेटको प्रोफाइल तयार तथा अध्यावधिक गरी जिल्लास्थित परियोजना कार्यन्वयन इकाईमा पठाउनु पर्नेछ |

## परिच्छेद- ४
## विविध

१६. **बाधा अड्काउ फुकाउने:**

(१) यो कार्यविधि कार्यान्वयनमा बाधा अड्काउ परेमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ |

(२) यस कार्यविधिको संशोधन आवश्यक भएमा कार्यपालिकाले आवश्यकता अनुसार आंशिक वा पुरै संसोधन गर्न सक्नेछ |

अनुसूची -१

दफा ९ (क) संग सम्बन्धित

मितिः..............

मादी गाउँपालिका, कास्की

श्री प्रमुखज्यू
मादी गाउँपालिका
गाउँपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की

बिषयः पकेट स्थापना गरी पाँउ बारे |

प्रस्तुत बिषयमा हामी तपसिल बमोजिमका कृषक समूह/सहकारी संस्था/कृषि उद्दमीहरु यस कास्की जिल्लाको मादी गाउँपालिका भित्र कमाण्ड क्षेत्र रहने गरी साना ब्यबसायिक कृषि उत्पादन केन्द्र (पकेट) स्थापना गरि संचालन गर्न इच्छुक भएकोले .............बाली/वस्तुको पकेट क्षेत्र निर्धारण गरिदिनु हुन यो निवेदन पेश गर्दछौं |

निवेदक

| क्र.सं | नाम (कृषक समूह/सहकारी /फर्म आदिको) | ठेगाना | सम्पर्कन | अध्यक्ष/प्रोप्राइटरको नाम | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

निवेदन साथ संलग्न कागजातहरु

१) सम्बन्धित निकायमा कृषि समूह/सहकारी संस्था/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि |

मादी गाउँपालिका,कास्की

२) पकेट माग गर्ने संस्था(हरु) को कार्य समितिको निर्णयको प्रतिलिपि

३) अध्यक्ष/प्रोप्राइटरको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि

(४) तथ्यांक विवरण

अनुसूची -२

दफा ९ (क) संग सम्बन्धित

**पकेट क्षेत्र मागको लागि आधारभूत तथ्यांक फारम**

(१) प्रस्तावित पकेट विकास हुने बाली/वस्तुको नामः

(२) प्रस्तावित पकेट विकास गरिने स्थानः

(३) प्रस्तावित पकेट क्षेत्रमा परियोजना अन्तर्गत संचालन भै सकेका पकेटको विवरणः

| पकेट संचालन भएका बाली/वस्तु | गाउँपालिकाको नाम | वडा नम्बर | पकेटको क्षेत्रफल (हेक्टर) | पकेट संचालनको अवधि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(४) प्रस्तावित पकेट क्षेत्र अन्तर्गत कार्यक्रममा समाबेश हुन सक्ने घरधुरीको विवरण

| गाउँपालिका | वडा नम्बर | लक्षित कृषक घरधुरीको संख्या |
|---|---|---|
| | | |
| | | |

(५) प्रस्तावित पकेट क्षेत्रमा समावेश हुने खेती योग्य जग्गाको विवरण

| जग्गाको किसिम | क्षेत्रफल (हेक्टर) | सिंचित (हेक्टर) | असिंचीत (हेक्टर) | सिंचित भएको सिंचाईको स्रोत |
|---|---|---|---|---|
| खेत | | | | |
| पाखो | | | | |
| बारी | | | | |
| जम्मा | | | | |

(६) प्रस्तावित पकेट संचालन क्षेत्रको प्रमुख बालीको हालको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व विवरण

| पकेट क्षेत्रको हालको प्रमुख बाली वस्तुहरु | कुल क्षेत्रफल (हेक्टर)/संख्या | उत्पादकत्व (मे.टन/हेक्टर) | कुल उत्पादन (मे.टन) | अनुमानित बिक्रि परिमाण (मे.टन) |
|---|---|---|---|---|
| बहुबर्षीय बाली | | | | |

| | | | | |
|---|---|---|---|---|
| सिजनल बालीहरु | | | | |
| | | | | |
| पशुपालन | | | | |
| मत्स्यपालन | | | | |

(७) प्रस्तावित पकेट कार्यक्रमबाट प्राप्त हुने अपेक्षित उपलब्धिहरु (पकेट संचालन पश्चात प्राप्त हुने उपलब्धि विवरण उल्लेख गर्ने)

क) फलफुल बगैंचा

| जग्गाको क्षेत्रफल | जम्मा बोट संख्या | पूर्ण रुपमा उत्पादनशील बोट संख्या | आंशिक रुपमा उत्पादनशील बोट संख्या | जम्मा उत्पादन (मे.टन) | थप विस्तार हुने क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

ख) प्रस्तावित सिजनल बाली

| जग्गाको क्षेत्रफल | तोकिएको बालीले ढाक्ने क्षेत्रफल | उत्पादकत्व (मे.टन प्रति हेक्टर) | जम्मा उत्पादन | थप विस्तार हुने क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

ग) प्रस्तावित पशुपालन

| पशुपालन | पशुधनको संख्या | प्रति पशुधन उत्पादन (दुध र मासु) | जम्मा उत्पादन | थप हुने पशुधन संख्या |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

घ) प्रस्तावित मत्स्यपालन

| माछाको जात | पोखरी संख्या | जलाशय क्षेत्रफल (हेक्टर) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हेक्टर) | थप हुने जलाशय क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(८) प्रस्तावित पकेटमा उल्लेख गरिएको बाली/वस्तुको प्राविधिक एबम भौगोलिक उपयुक्तता

-

-

-

(९) प्रस्तावित पकेटमा उल्लेख गरिएको बाली/वस्तुको बजारीकरणको सम्भावना

| प्रमुख बजार | उपलब्ध बजार पुर्वाधार | उत्पादनको बजारीकरण योजना |
|---|---|---|
| | | |
| | | |

(१०) प्रस्तावित पकेट संचालन गर्न आवश्यक कृषि उत्पादन सामग्री उपलब्धताको स्रोत एबम अवस्था

| उत्पादन सामाग्री | उपलब्ध स्रोत |
|---|---|
| | |
| | |

(११) प्रस्तावित पकेट अन्तर्गतको बाली/वस्तुको उत्पादनको लागि आवश्यक कृषि पुर्बाधारहरुको उपलब्धता

-

-

(१२) प्रस्तावित पकेट क्षेत्र भित्र सामुहिक खेती वा क्लस्टर खेतीको हालको अवस्था एबम बिस्तारको सम्भावना

-

(१३) प्रस्तावित पकेट कार्यान्वियनबाट थप हुन सक्ने रोजगारीका अवसरहरु

| आंशिक रोजगारी | पूर्णकालिन रोजगारी | दैनिक ज्यालादारी |
|---|---|---|
| | | |
| | | |

(१४) प्रस्तावित पकेट माग गर्नुका आधारहरु (न्युनतम क्षेत्रफल वा संख्या, संस्थागत क्षमता, आवेदक संस्थाहरुको यहि प्रकृतिका कार्यक्रम संचालन गरेको अनुभब आदी)

-

-

मादी गाउँपालिका, कास्की

(१५) प्रस्तावित पकेट र बाली/वस्तु छनौट गर्नाको पुष्ट्याई

-

-

(१६) प्रस्तावित पकेट माग गर्ने संस्थाको प्रोफाइल

कृषि समूह/सहकारी/समिति र कृषि फर्मको नामः

गठन भएको मिति

संस्थाको ठेगानाः

तपाईको समूह/संस्था कुनै सरकारी संस्थामा आबद्ध छ भने सो संस्थाको नाम ............................दर्ता न ...............

कृषि समूह/ सहकारी/समिति/ र कृषि फर्म कसरी गठन भएको हो ? कसको सहयोगमा गठन भएको हो ?.....................

कृषि समूह/सहकारी/समिति र कृषि फर्म गठनको खास उद्देश्य के हो ?.......................

मासिक बचत छ वा छैन ? यदि छ भने कति ...............

क) बैंक ............................................खा) खाता न ...........................................................

कृषि समूह/सहकारी/समिति र कृषि फर्म कार्यान्वयनको प्रमाण

क) निर्णय ..........ख) नगदी खाता ..............ग) बैंक खाताको विवरण .........घ) दर्ता प्रमाण पत्र .........

ङ) अचल सम्पति स्वामित्वको प्रमाण पत्र ..................च) अन्य भए खुलाउनुहोस.......................

मादी गाउँपालिका, कास्की

जम्मा शेयर संख्या

कृषि समूह/कृषि सहकारी/समिति र कृषि फर्मका सदस्यको विवरण

| क्र.सं | सदस्यको नाम | ठेगाना | खेति योग्य जमिन /पशु संख्या |
|---|---|---|---|
| | | | |

*नोटः १. यस अनुसूचीलाई पकेट र ब्लक प्रोफाइल प्रयोजनको लागि समेत प्रयोग गरिनेछ ।*

*२. सम्बन्धित कार्यालयले आवस्यकता अनुसार बाली/वस्तु बिशेषका लागि यस अनुसुचिलाई बिस्तृतिकरण गर्न सक्नेछन*

मादी गाउँपालिका, कास्की

अनुसूची -३

**दफा ९ को घ (अ) संग सम्बन्धित)**

राष्ट्रिय महत्वका प्राथमिकता प्रदत्त बाली/वस्तुहरु

१. धान

२. मकै

३. गहुँ

४. तरकारी

५. आलु

६. सुन्तलाजात फलफुल

७. स्याउ

८. आँप

९. केरा

१०. दुध (गाई, भैंसी)

११. माछा

माछी गाउँपालिका कास्की

१२. मासु (बाख्रा, बंगुर)

१३. निर्यात प्रवर्द्धन बाली (कफी, अलैंची, अदुवा, बेसार)

१४. दलहन/तेलहन बाली

१५. मौरी

नोटः परियोजनाका संभागहरु संचालन गर्दा यी बाली वस्तुलाई प्राथमिकतामा राखी संचालन गरिनेछ ।

मादी गाउँपालिका, कास्की

अनुसूची-४

**(दफा १० क संग सम्बन्धित)**

सुचनाको ढांचा (नमुना)

मादी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, थुमाकोडाँडा, कास्की

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यन्वयन इकाई

सूचना नं ......

सूचना प्रकाशित मितिः..................

आ.व.................मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,........................(कार्यालयको नाम) अन्तर्गत तपसिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक समूह/सहकारी/जल/बन उपभोक्ता समिति/कृषि फर्महरुले आबश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५औं दिन भित्र अर्थात् (मिति...........गते भित्र) यस मादी गाउँपालिकाको कार्यालयमा तोकिएको ढांचा अनुसार आबेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ | साथै यस बिषयमा थप जानकारीका लागि मादी गाउँपालिका कार्यालयमा सम्पर्क गर्न सकिनेछ |

क) पकेट कार्यक्षेत्र ...........................

ख) कार्यक्रमहरु.................................

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः</u>

संलग्न गर्नुपर्ने कागजातहरु

१. सक्कल निवेदन

मादी गाउँपालिका, कास्की

२. सम्पूर्ण सदस्यहरुको नागरिकताको प्रतिलिपि

३. कृषक समूह/ सहकारी / जल/बन उपभोक्ता समिति/ फर्मको नियमानुसार दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि र सहकारी संस्थाको हकमा कृषि/पशुपालन/ व्यवसाय संचालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपिहरू

४. कृषक समूह / सहकारी /जल/बन उपभोक्ता समितिले प्रस्ताव स्वीकृत गरि अनुदान माग गरिएको निर्णयको प्रतिलिपि

५. सम्बन्धित वडा कार्यालयको सिफारिश पत्र

६. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन)को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ बर्षको सम्झौतानामा ।

७. तथ्यांक फारम

मादी गाँउपालिका, कास्की

मादी गाउँपालिका, कास्की

अनुसूची-५

**(दफा १० ख संग सम्बन्धित)**

आबेदनको ढांचा (नमुना)

मितिः ...............

श्री प्रमुख ज्यू

मादी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, थुमाकोडाँडा, कास्की ।

बिषयः ..............................

प्रस्तुत बिषयमा यस मादी गाउँपालिकाको कार्यालयबाट मिति.........मा प्रकाशित सार्वजनिक सूचना बमोजिम आबस्यक कागजात सहित हाम्रो समूह/सहकारी/संस्था/समिति/कृषि फर्मका सदस्यहरुले............कार्यक्रम अन्तर्गत .............(क्रियाकलापहरुको नाम) संचालन गर्न इच्छुक भएकाले सहभागी गराईदिनुहुन यो निवेदन पेश गरेको छु/छौं ।

निवेदक

...................

| क्र.सं | कृषकको नाम | ठेगाना | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

मादी गाउँपालिका, कास्की

निवेदन साथ संलग्न भएका कागजातहरु

१. सम्पूर्ण सदस्यहरुको नागरिकताको प्रतिलिपि

२. कृषक समूह / सहकारी / फर्मको नियमानुसार दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि र सहकारी संस्थाको हकमा कृषि/पशुपालन/ व्यवसाय संचालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपिहरू

३. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को विवरण वा भाडाको जग्गाको ५ बर्षको सम्झौतानामा

४. कृषि समूह / सहकारीको हकमा प्रस्ताब स्वीकृत गरि अनुदान माग गरिएको निर्णयको प्रतिलिपि

५. सम्बन्धित वडा कार्यालयको सिफारिश पत्र

निवेदनसाथ संलग्न गर्नुपर्ने तथ्यांक फारमको ढांचा

भाग १. कृषक समूह/ सहकारी /संस्था / समिति र कृषि फर्मको विवरण

१. कृषक समूह /सहकारी /संस्था / समिति र कृषि फर्मको नाम :

२. कृषक समूह /सहकारी /संस्था / समिति र कृषि फर्म गठन भएको मितिः

३. कृषक समूह /सहकारी /संस्था / समिति र कृषि फर्मको ठेगानाः

४. तपाईंको समूह/ संस्था /समिति/ कुनै सरकारी संस्थामा आवद्द छ भने सो संस्थाको नाम

माछापुच्छ्रे गाउँपालिका, कास्की

..............................................................................दर्ता नं ...........................

५. कृषक समूह /सहकारी संस्था / समिति र कृषि फर्मको कसरी गठन भहेको हो ? कसको सहयोगमा कृषक समूह /सहकारी संस्था / समिति र कृषि फर्मको गठन
भयो?.................................................................................
...........................................

६. कृषक समूह /सहकारी /संस्था / समिति र कृषि फर्म गठनको खास उद्देश्य के हो ..................................................................

७. मासिक बचत छ वा छैन ? यदि छ भने
कति..........................................

क) बैंक ..................................................................ख) खाता नं .......................................

८. कृषक समूह/ सहकारी / संस्था/ समिति/ कृषि फर्म कार्यान्वयनको प्रमाण

क) निर्णय ख) नगदी खाता ग) बैंक खाताको विवरण घ) दर्ता प्रमाण पत्र

माादी गाउँपालिका, कास्की

ङ) अचल सम्पतिको स्वामित्वको प्रमाण पत्र  च) अन्य भए खुलाउनुहोस्
....................

९. कृषक समूह/ सहकारी / संस्था/ समिति/ कृषि फर्म सदस्यताको विवरण

| क.सं | सदस्यको नाम | लिङ्ग | पति/पत्नीको नाम | खेतीयोग्य जमिन /पशु संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

## भाग २ प्रस्तावित क्रियाकलाप

१. कार्यक्रमको शिर्षक

.....................................................................

२. कार्यक्रमको पूर्ण विवरण

............................................................

३. कार्यक्रमको महत्व

......................................................................

४. कार्यक्रमबाट हुने फाइदा

......................................................................

माडी गाउँपालिका, कास्की

५. कार्यक्रमबाट स्थानीय अवसरहरुको कसरी प्रयोग हुन्छ ?.........................................

६. कृषक समूह/ सहकारी / संस्था/ समिति/ कृषि फर्मबाट यस्ता क्रियाकलापहरु पहिल्यै भएको छ कि छैन ?.................

७. बातावरण दृष्टिकोणबाट उपयुक्त भए /नभएको ?..........................

भाग ३. आर्थिक पक्ष

१. प्रस्तावित कार्यक्रमको अनुमानित कुल लागत रु ..........................................

२. कृषक समूह/ सहकारी / संस्था/ समिति/ कृषि फर्मको आफ्नो योगदान रु ........................

३. प्रस्तावित क्रियाकलाप कार्यन्वयन योजना

- आबस्यक सर-सामान कुन, कहाँ र कसरि छनौट गर्ने ?

-कस्तो प्रकारको सर-सामान को मार्फत प्राप्त गर्ने ?

-कार्यक्रमबाट उत्पादन हुने बाली/वस्तुको बजारीकरण कसरि हुने ?

-श्रम तथा श्रम लागत ब्यबस्थापन कसरी गर्ने ?

मादी गाउँपालिका, कास्की

- अन्य विवरण

अनुसूची-६

**(दफा १० (ग) संग सम्बन्धित)**

पकेट विकास कार्यक्रमका लाभग्राही छनौट मूल्यांकन मापदण्ड (नमुना)

| क.सं | सुचकाङ्क आधार | अधिकतम सम्भाव्य अंक |
|---|---|---|
| **अ)** | **प्रमुख मापदण्ड (६५)** | |
| १. | कार्यक्रमको कमाण्ड क्षेत्रका लाभान्वित वर्ग (समूह/सहकारी/संस्था/समिति/फर्म आदि) | १० |
| २. | प्रस्तावित कार्यले समेट्ने क्षेत्रफल/संख्या | १० |
| ३. | सामाजिक एबम लैंगिक सहभागीता (महिला, पुरुष, दलित आदि) | १० |
| ४. | प्रस्तावित कार्यले उत्पादन वृद्धि, प्रसोधन र बजारीकरणमा पुग्ने सहयोग | १५ |
| ५. | प्रस्तावित कार्यले सृजना गर्ने रोजगारीको अवसर | १० |
| ६. | प्रस्तावित बाली/वस्तुको भौगोलिक एबम प्राविधिक उपयुक्तता | १० |
| **आ)** | **सहायक मापदण्ड (३५)** | |

| | | |
|---|---|---|
| १. | प्रस्तावको आवश्यक कागजात पुरा भएको | ५ |
| २. | समान प्रकृतिका अनुदान सहयोगको पहुँच नभएका समूह/सहकारी/संस्था/समिति/फर्महरू आदि | |
| ३. | सहभागी लक्षित वर्गको नगद वा वस्तुगत योगदान परिमाण र प्रतिबद्दता | ५ |
| ४. | प्रस्तावित बाहेक परियोजनाबाट लाभान्वित हुन सक्ने अन्य (सहायक) लाभान्वित वर्गहरु | ५ |
| ५. | प्रस्तावित कार्यको सिर्जनात्मकता एवम् नबिनता | ५ |
| ६. | आवेदकको संस्थागत क्षमता तथा कार्य अनुभव | ५ |
| ७. | प्रस्तावित कार्य कृषकको माग एबम आवस्यकता अनुरुप रहे/नरहेको | ५ |

*नोटः कार्यक्रमको प्रकृति अनुरुप प्राविधिक समितिले मूल्यांकनको मापदण्ड आबश्यकता अनुसार परिमार्जिन र बिस्तृतिकरण एबम सहायक मापदण्ड बनाउन र सोहि अनुसार मूल्यांकन गर्न सक्नेछ ।*

## चेकलिष्ट

| **क्र.सं** | **चेकलिष्ट** | **मापदण्ड पुरा गरेको** | | |
|---|---|---|---|---|
| | | **छ** | **छैन** | **सूचना छैन** |
| १. | उद्देश्य तथा अपेक्षित प्रतिफल (परिणाम र प्रतिफल) उल्लेख भएको छ ? | | | |
| २. | तोकिएको भौगोलिक क्षेत्रका लागि उपयुक्त छ ? | | | |

मादी गाउँपालिका, कास्की

| | | | | |
|---|---|---|---|---|
| ३. | आर्थिक रुपमा सवल छ ? लागत भन्दा लाभ बढी छ छैन ? | | | |
| ४. | समूह संस्थाले व्यवस्थापन गर्न सक्ने प्रकृतिको छ छैन? दक्ष जनशक्तिको पर्याप्त मात्रामा संलग्नता छ छैन ? | | | |
| ५. | प्रस्तावित क्रियाकलापहरु अपेक्षित प्रतिफल प्राप्त गर्न पर्याप्त छन्? | | | |
| ६. | प्रस्तावित क्रियाकलापहरु उल्लेखित बजेट सीमा भित्र प्राप्त गर्न सकिने प्रकृतिका छन् ? | | | |
| ७. | प्रस्तावित क्रियाकलापहरु तोकिएको समयसीमा भित्र सम्पन्न गर्न सकिन्छ ? | | | |
| ८. | क्रियाकलाप संचालन कार्ययोजनाले संलग्न सबैमा बाँढिएको भूमिका प्रष्ट पारेको छ ? | | | |
| ९. | अन्य स्रोतबाट पनि बजेट बिनियोजन भइ दोहोरोपना नभएको बारे प्रष्ट पारेको छ ? | | | |
| १०. | क्रियाकलाप संचालनमा आधारभूत स्रोत प्राप्त गर्न सक्ने पर्याप्त सम्भावना रहेको छ ? | | | |
| ११. | के प्रस्तावित कार्यक्रमले कुनै पनि सार्वजनिक स्थल जस्तै धार्मिक स्थल, सार्वजनिक घर, मुहान आदिलाई प्रतिस्थापन गर्ने अवस्था छ ? | | | |

| | | | | |
|---|---|---|---|---|
| १२. | कुनै पनि अन्य गरिब, दलित र सिमान्तकृत समुदायको जीविकोपार्जनमा कुनै किसिमको नकारात्मक असर पर्ने सम्भावना रहेको छ ? | | | |
| १३. | के प्रस्तावित कार्यक्रमले महिलाहरुको कार्यबोझ थप गर्ने सम्भावना रहेको छ ? | | | |
| १४. | कार्यान्वयनका कारणले समुदाय समुदायबीच विवाद आउने सम्भावना रहेको छ ? | | | |
| १५. | अरुले आर्जन गरेको सम्पत्ति, उसको स्वइच्छाले बाहेक, क्षेति गर्ने कारण हुने सम्भावना रहेको छ ? | | | |
| १६. | पहिचान भएका सामाजिक बातावरणमा नकारात्मक असर न्यूनीकरण गर्न सामाजिक व्यबस्थापन योजना बनाएको छ ? | | | |
| | अन्य कैफियत केहि भएमा | | | |
| | | | | |

स्थलगत निरीक्षण पश्चातको निर्णय

मादि गाउँपालिका, कास्की

| निर्णय | ठिक चिन्ह लगाउनुहोस् |
| --- | --- |
| अहिले कै अवस्थामा कार्यन्वयन गर्न उपयुक्त छ | |
| बातावरण प्रमाणीकरण मापदण्डमा सफल भए अहिले कै अवस्थामा कार्यन्वयन गर्न उपयुक्त छ | |
| कार्यन्वयन गर्न उपयुक्त छैन | |

कार्यन्वयन गर्न उपयुक्त छैन भने के कारणले छैन ? कारण दिनुहोला

..................................................................................

..............................

मादी गाउँपालिका, कास्की

## कार्यक्रमको तुलनात्मक चित्ररेखा (नमुना)

निवेदन सूचना नं :

| क्र.सं | प्रस्ताब पेश गर्ने | प्राप्तांक | | जम्मा प्राप्तांक | कैफियत |
| --- | --- | --- | --- | --- | --- |
| | | प्रमुख मापदण्ड (६५) | सहायक मापदण्ड (३५) | | |
| | | | | | |
| | | | | | |

## प्राविधिक समितिका सदस्यहरुका नाम र दस्तखत

| क्र.सं | नाम | दस्तखत |
| --- | --- | --- |
| | | |

| | | |
|---|---|---|
| | | |
| | | |

आमन्त्रित सदस्यः

पर्यवेक्षकः

मितिः

माछापुच्छ्रे गाउँपालिका, कास्की

**अनुसूची -७**

**(दफा १२ (क) संग सम्बन्धित)**

**सम्झौता पत्र (नमुना)**

पकेट कार्यक्रम संचालनसंग सम्बन्धित सम्झौता पत्र

सूचना/सम्झौता नंः.......

मिति ............

कृषि बाली तथा पशुपालन पकेट कार्यक्रम संचालन कार्यविधि, २०७७ बमोजिम प्राविधिक समितिको मिति .................को निर्णय अनुसार पकेट कार्यक्रम अन्तर्गतको ................................कृषि फर्म/कृषक समूह/सहकारी

संस्था/वन/जल/उपभोक्ता समिति (यस पछि दोश्रो पक्ष भनिने) र परियोजना कार्यान्वयन इकाई (यस पछि प्रथम पक्ष भनिने) बीच देहाय बमोजिमको सर्त पालना गर्ने गरि यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं |

१) सम्झौता गर्ने पक्ष र परियोजना

क) ....................पकेट कार्यक्रम अन्तर्गतको कृषि फर्म/कृषक समूह/सहकारी समितिबाट सम्झौता गर्ने आधिकारिक प्रतिनिधिः

नामः

प्रतिनिधित्व गर्ने समूह/सहकारी :

ठेगानाः

ख) परियोजना स्थलको विवरण

१) गाउँपालिका/नगरपालिका.....................................वडा नं. ................गाउँ/टोल.........

ग) परियोजना कार्यन्वयन इकाई अन्तर्गत संचालन हुने क्रियाकलाप सम्बन्धी विवरण

क) कार्यक्रमको नामः

ख) कार्यक्रमको किसिमः

ग) कार्यक्रमको कुल लागत रु .........................

घ) कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने.............................

१) कृषक परिवार संख्याः

२) जनसंख्या :

३) समुदायः

मादि गाउँपालिका, कास्की

४) दलित/जनजाति

५) सम्झौताका शर्तहरुः

४.१ यो सम्झौता पत्रमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाईको पकेट कार्यक्रम कार्यन्वयन गर्न ................................पकेट अन्तर्गतको .......................कृषि फर्म/कृषक समुह/सहकारी र परियोजना कार्यान्वयन इकाई बीच............................................................... स्थापना/ संचालन गर्ने प्रयोजनका लागि प्रयोग गरिनेछ | यस कृषि उद्धमी/कृषक समूह/सहकारी संस्थामा देहाय बमोजिम स्पेशीफिकेसन अनुसारको पुर्बाधार निर्माण/मेशिनरी उपकरण सामग्री खरिद एवम व्यवस्थापन गरिने छ |

| क.सं | मेशिन उपकरणको नाम | स्पेशीफिकेसन | मोडेल |
|---|---|---|---|
| | | | |

४.२ सम्झौता पत्रमा हस्ताक्षर गरेको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ |

४.३ दोश्रो पक्षले सम्झौतामा हस्ताक्षर भएपछी तत्काल काम शुरु गर्नु पर्नेछ |

४.४ दोश्रो पक्षले यस परियोजना संचालनका लागि सम्झौता गरिएको क्रियाकलापहरुको लागतमा तोकिएको ............प्रतिशतमा नगदै वा अन्य किसिमले सहभागिताको सुनिश्चितता गर्नु पर्नेछ |

मादी गाउँपालिका,कास्की

४.५ दोश्रो पक्षले यसै परियोजनाको लागि आफ्नै समुहको स्रोत बाहेक अन्य कुनै सरकारी, गैर सरकारी संघ संस्थाबाट सहयोग, अनुदान, आदि प्राप्त गरेको भए स्पष्ट रुपमा परियोजना कार्यन्वयन इकाईलाई जानकारी गराउनु पर्नेछ |

४.६ दोश्रो पक्षले परियोजना अन्तर्गत क्रियाकलापहरु संचालन गर्दा परियोजना कार्यन्वयन इकाई वा सम्बन्धित प्राविधिकले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ |

४.७ दोश्रो पक्षले परियोजना अन्तर्गत संचालन भएको क्रियाकलापहरुको कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित् प्राविधिकबाट तयार गरी/गराई प्रत्यक्ष लाभान्वित कृषकहरुको बैठक निर्णयबाट अनुमोदन गराए पश्चात मात्र सम्झौता बमोजिमको अनुदान रकम भुक्तानी दिइनेछ | यसरि भुक्तानी पाउन दोश्रो पक्षले अनिवार्यरुपमा तोकिएको लागत साझेदारी प्रतिशत सहितको काम सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ |

४.८ यस परियोजनाको निर्माण/मेशिनरी उपकरण खरिद कार्य सम्झौता पत्रमा तोकिएको अबधि भित्र सम्पन्न गर्नु पर्नेछ |

४.९ प्रथम पक्षले सम्झौता बमोजिम खर्च रकमको बिल भरपाई सहितको कार्य सम्पन्न प्रतिवेदन दोश्रो पक्षबाट प्राप्त भए पश्चात रु...............(अक्षरुपी).................................मा नबढ्ने गरि नियमानुसारको कन्टिनजेन्सी र १.५ प्रतिशत अग्रिम कर कट्टा गरी दोश्रो पक्षलाई भुक्तानी उपलब्ध गराउने छ वा सम्झौता बमोजिमको पुर्बाधार निर्माणका लागि सामग्री आपूर्तिकर्ता/मेशिनरी उपकरण आपूर्तिकर्तालाई सोझै भुक्तानी दिन सक्ने छ | दोश्रो पक्षले भुक्तानी पाउन अनिबार्य रुपमा बिल बिजक पेश गर्नु पर्नेछ |

४.१० दोश्रो पक्षको लापरबाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेबारी सम्बन्धित ..............................................कृषि फर्म/समूह/सहकारी/बन/जल उपभोक्ता समितिको हुनेछ ।

४.११ दोश्रो पक्षले यो सम्झौता बमोजिमको सम्पूर्ण कामकारबाही (व्यवसायिक योजना, डिजाइन, इस्टिमेट अनुसार) सम्पन्न गरि परियोजना संचालनमा ल्याउनु पर्नेछ ।

४.१२ दोश्रो पक्षले यो परियोजनाको निर्माण कार्यमा लागेको खर्च विवरणको सार्वजनिक सुनुवाई प्रथम पक्षको प्रतिनिधि र अन्य सरोकारवालाहरुको उपस्थितिमा गराउनु पर्नेछ ।

४.१३ दोश्रो पक्षले यो परियोजनाको निर्माण कार्य शुरु गर्नु भन्दा पूर्व परियोजना निर्माण कार्य संचालन हुदै गरेको र परियोजना सम्पन्न भैसकेपछीको फोटोहरु अन्तिम भुक्तानीको लागि पेश गरिने बिल भरपाईको साथमा अनिबार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

४.१४ दोश्रो पक्षले कृषि उत्पादन सहयोगका लागि लिईएको अनुदान रकम परियोजना निर्माण/मेसिनरी उपकरण खरिद कार्यमा प्रयोग नगरी हिनामिना भएको देखिएमा वा हेलचेक्रयाइँको कारणबाट परियोजनाबाट निर्माण गरिएको पुर्बाधारहरु/मेसिनरी उपकरणहरुको हानी नोक्सानी भएमा प्रचलित नियम कानुन बमोजिम दिइएको अनुदान रकम दोश्रो पक्षबाट असुल उपर गरिनेछ ।

मादी गाउँपालिका, कास्की

४.१५ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना वा परियोजना कार्यन्वयन इकाईबाट निरीक्षणमा जाने प्राविधिकलाई निरीक्षण तथा अनुगमनमा दोश्रो पक्षले आवश्यक सहयोग गर्नु पर्नेछ ।

४.१६ परियोजना सम्पन्न भई हस्तान्तरण भइसकेपछी सोको मर्मत सम्भार सम्बन्धी कार्य दोश्रो पक्ष आफैंले गर्नु पर्नेछ ।

४.१७ निर्माण कार्य अथवा यस सम्बन्धी दोश्रो पक्ष र प्रथम पक्ष बीच कुनै विवाद आएमा परियोजना कार्यन्वयन इकाइको निर्णय अन्तिम हुनेछ ।

४.१८ यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानुन बमोजिम हुनेछ ।

४.१९ दोश्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुने छैन ।

४.२० सम्झौताको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा प्रचलित कानुन अनुसार हुनेछ ।

४.२१ स्थानीय आवश्यकता अनुसार दुवै पक्षको सहमतिमा माथि उल्लेखित शर्तहरुमा फेरबदल गर्न सकिने छ ।

४.२२ अन्य कुनै बुदाँमा थपघट गर्नु परेमा दुवै पक्षको आपसी समझदारीमा गरिने छ ।

४.२३ संलग्न फारमहरु

क) परियोजनाको स्वीकृत क्रियाकलापहरु र लागत अनुमान

ख) परियोजनाबाट प्रत्यक्ष लाभान्वित हुने समूह/कृषकहरुको नामावली विवरण

उपरोक्त बमोजिम कार्य गर्न मन्जुर छौं भनि दस्तखत गर्नेः

प्रथम पक्षको तर्फबाट

नाम थर :

पदः

दस्तखत ............................

मिति ........................

| साक्षी १ | साक्षी २ |
|---|---|
| नाम | नाम |
| पद | पद |
| दस्तखत | दस्तखत |

दोश्रो पक्षको तर्फबाट

| कृषि फर्म/कृषक समूह/सहकारी सम्झौता गर्ने आधिकारिक प्रतिनिधि |
|---|
| नाम |
| प्रतिनिधित्व गर्ने कृषि फर्म/कृषक समूह/सहकारी उपभोक्ता समितिको नाम |
| ठेगाना |
| दस्तखत |
| संस्थाको छाप |

| साक्षी १ | साक्षी २ |
|---|---|
| नाम | नाम |
| पद | पद |
| दस्तखत | दस्तखत |

माडी गाउँपालिका, कास्की

परियोजनाको स्वीकृत क्रियाकलापहरु र लागत अनुमान

| क्र.सं | परियोजना क्रियाकलाप | इकाई | प्रति इकाई दर | कुल लागत रु. | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|
| | | | | | परियोजना | संस्था |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

माछापुच्छ्रे गाउँपालिका, कास्की

**अनुसूची -८**

**( दफा १५ ख (आ) संग सम्बन्धित)**

प्रगति प्रतिवेदन

**आ.व ....................को.........................अबधि सम्मको प्रगति प्रतिवेदन**

बजेट उप-शिर्षक नं :

| क्र.सं | सम्भागको नाम (... | कार्यक्रम संचालन भएको स्थानी | वडा न. | क्षेत्रफल (हेक्टर) | उत्पादकत्व (मे.टन /हे) | विनियोजित बजेट (रु हजारमा ) | खर्च (रु हजारमा ) | लाभान्वित संख्या | संचालित मुख्य क्रियाकलाप | प्रतिफल /उपलब्धि |
|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ..प के ट) | य तह | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

कृषि/पशु शाखा प्रमुख                    आर्थिक शाखा प्रमुख

कार्यालय प्रमुख

माटी गाउँपालिका, कास्की

आज्ञाले
नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत